# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, चैत्र महिना ४ गते २०७६ साल (संख्या ८**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको कार्यविधि नं. ८**

### कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना :**

नगरको फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यमा निजी क्षेत्र, नागरिक समाज तथा आम जनसमुदायको सहभागिता एवं सचेतना अभिवृद्धि गरी नगरवासीमा फोहर संकलनदेखि व्यवस्थापन सम्मका सबै कार्यहरुको पर्याप्त जानकारी गराई फोहरको वर्गीकरण, संकलन र प्रभावकारी तवरले व्यवस्थापन गर्न, अस्पतालजन्य फोहर र प्लाष्टिकजन्य फोहरहरुको उपयुक्त व्यवस्थापन गर्न र फोहर व्यवस्थापनमा साझेदार परिचालन तथा यस सम्बन्धी पर्याप्त नीतिगत व्यवस्था सहित स्पष्ट कार्य योजनाको आवश्यकता महसूस भएकोले,

बढ्दो शहरीकरण, अव्यवस्थित बस्ती विकास एवं निजी तथा सार्वजनिक स्थलमा पोलिथिनको प्रयोग, निष्कासन र उत्सर्जनवाट सडक, गल्ली तथा धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं वातावरणीय सम्पदाको रुपमा रहेका सार्वजनिक स्थलहरु जस्तै नदी, खोला,नाला,पोखरी,ताल तलैया, पार्क, उद्यान एवं धार्मिक, साँस्कृतिक,

ऐतिहासिक धरोहर, खुल्ला स्थान तथा अन्य सार्वजनिक स्थलहरु प्रदुषित हुँदै गइरहेकोले यस्ता महत्वपूर्ण स्थानहरुको सरसफाइ कार्य थप प्रभावकारी वनाई स्वच्छ, सफा, सुन्दर, सभ्य र समृद्ध नगरको पहिचान कायम गर्न शून्य पोलिथिनयुक्त नगरपालिका अभियानमा स्थानीय सरकार, निजी तथा सरकारी क्षेत्र, सामाजिक क्षेत्र, नागरिक समाज तथा आम नागरिकलाई स्वस्फुर्त रुपमा परिचालन गरी सरसफाई कार्यक्रमलाई थप प्रभावकारी, संस्थागत एवं दिगो बनाउन वान्छनीय भएकोले,

नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ७ र फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५१ (२) ले दिएको अधिकार प्रयोग गरी **तिलोत्तमा नगर कार्यपालिकाले यो फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान कार्यान्वयन कार्यविधि, २०७६** तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "**तिलोत्तमा नगरपालिकाको फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि तिलोत्तमा नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(ख) **"नगरकार्यपालिका"** भन्नाले तिलोत्तमा नगरकार्यपालिका सम्झनुपर्छ ।

(ग) **"प्रमुख"भन्नाले** तिलोत्तमा नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ ।

(घ) "**उपप्रमुख**" भन्नाले तिलोत्तमा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "**सदस्य**" भन्नाले तिलोत्तमा नगरपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तिलोत्तमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) **"विषयगत शाखा"** भन्नाले नगरपालिकाको कार्य विभाजन नियमावली २०७४ बमोजिमको विषयगत शाखालाई सम्झनु पर्छ ।

(ज) **"समिति" भन्नाले** कार्य सम्पादन नियमावलीको नियम १५ बमोजिमका कार्यपालिकाका समितिहरुलाई सम्झनु पर्छ ।

(झ) **"कार्यविधि"** भन्नाले "**तिलोत्तमा नगरपालिकाको फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान कार्यान्वयन कार्यविधि, २०७६**"सम्झनु पर्छ ।

(ञ) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ ।

(ट) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४सम्झनु पर्छ ।

(ठ) **"फोहरमैला"** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र प्रचलित कानून वमोजिम समय समयमा फोहरमैला भनी तोकिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ड) **"हानिकारक फोहोरमैला"**भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(ढ) **"रासायनिक फोहोरमैला"** भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा प्रचलित कानून वमोजिम समय समयमा रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(ण) **"स्वास्थ्य संस्थाजन्य फोहरमैला"** भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ ।

(त) "**पोलिथिनजन्य फोहर**" भन्नाले बजारमा उपलब्ध हुने खाद्य तथा अखाद्य सबै प्रकारका वस्तु तथा सामानको उपभोग वा प्रयोग पश्चात फ्याँकिने त्यस्ता वस्तु तथा सामानको सुरक्षा एवं संरक्षण गर्ने उद्देश्यले राखिएका पोलिथिनजन्य बट्टा, आवरण तथा खोल जस्ता वस्तु तथा प्लाष्टिकका झोला, गिलास, प्लेट, चम्चा सम्झनु पर्छ र सो शव्दले

खैनी, गुट्खा, सुपारी, सूर्ती, चुरोट, पानमसला समेतका वस्तुहरुको प्रयोग पश्चात फ्याँकिने पोलिथिनजन्य वस्तु समेतलाई जनाउने छ ।

(थ) "**शून्य पोलिथिन**" भन्नाले नगरपालिका क्षेत्र भित्रका निजी आवास, घर कम्पाउन्ड तथा निजी सम्पत्ति, विभिन्न संघ संस्था, कार्यालय, उद्योग कलकारखाना तथा प्रतिष्ठानहरु र विभिन्न सार्वजनिक स्थलहरुमा पोलिथिनजन्य फोहर यत्र तत्र छरिएको तथा फ्याकिएको अवस्था नरहेको वा सर्वसाधारणले उपरोक्त स्थानहरुमा यस्ता वस्तुहरु शून्य स्थितिमा रहेको महसुस हुने अवस्थालाई सम्झनु पर्छ ।

(द) "**पूर्ण सरसफाइ मार्गदर्शन**" भन्नाले नेपाल सरकार, खानेपानी तथा सरसफाई मन्त्रालयबाट जारी भएको पूर्ण सरसफाई मार्गदर्शन, २०७३ सम्झनु पर्छ ।

(ध) "पूर्ण **सरसफाइयुक्त नगरपालिका**" भन्नाले पूर्ण सरसफाइ मार्गदर्शन वमोजिम आवश्यक प्रक्रिया पुऱ्याई पूर्ण सरसफाइयुक्त भनी घोषणा गरिएको नगरपालिका सम्झनु पर्छ ।

न) **"टोल विकास संस्था"** भन्नाले नगरपालिकाले तोकेको प्रक्रिया पूरा गरी प्रत्येक वडाका विभिन्न टोल/वस्ती समेटिने गरी गठन गरिएका टोल विकास संस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२
## निर्देशक समिति सम्बन्धी व्यवस्था

**३. निर्देशक समितिको गठन :-**

(१) नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न नगरपालिकामा देहायनुसारको निर्देशक समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) कार्यपालिकाले मनोनयन गरेका कम्तिमा एक जना महिलासहित तीन जना - सदस्य

(ग) प्रमुख प्रशाशकिय अधिकृत - सदस्य

(घ) वातावरण क्षेत्रका अनुभवी प्रबुद्ध व्यक्तिबाट समितिले तोकेका दुई जना - सदस्य

(ङ) नगरपालिका वातावरण उप-शाखा प्रमुख - सदस्य

(च) तिलोत्तमा उद्योग वाणिज्य संघ, तिलोत्तमा व्यापार संघ, तिलोत्तमा व्यापार संगठनबाट एक/एक जना - सदस्य

(छ) गैसस महासंघ प्रतिनिधि-सदस्य

(ज) जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(झ) खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय प्रतिनिधि - सदस्य
(ञ) फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रका बासिन्दामध्ये सम्बन्धित वडा समितिको सिफारिसमा एक जना - सदस्य
(ट) फोहर संकलन गरिने क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला सहित समितिले तोकेका दुई जना - सदस्य
(ठ) वातावरण तथा विपद् व्यबस्थापन समितिको संयोजक - सदस्य
(ढ) नगरपालिका भित्रका सबै खानेपानी तथा सरसफाई संस्थाका अध्यक्षहरु - सदस्य
(ड) वातावरण तथा सरसफाई उप-शाखा प्रमुख - सदस्य-सचिव

(२) निर्देशक समितिको बैठक सामान्यतया २ महिनामा एकपटक बस्नेछ । बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ । आवश्यकता महसूस भएमा निर्देशक समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

(३) निर्देशक समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

४. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार :-</u>**

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने,
(ख) फोहरमैला व्यवस्थापन तथा पूर्ण सरसफाई कार्यका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने,
(ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने,
(घ) नगरपालिका क्षेत्रलाई पूर्णसरसफाइयुक्त क्षेत्र बनाउन वडास्तर र नगरस्तरबाट आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।
(ङ) फोहरलाई श्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने,
(च) वर्गीकृत फोहरमध्ये कुहिने फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर (3R= Reduce, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने,
(छ) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने,
(ज) फोहोर व्यवस्थापनमा गैरसरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने,

(झ) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने,

(ञ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने,

(ट) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्ने,

(ठ) ल्याण्डफिल साइटलाई प्रदुषणशून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने,

(ड) जैविक फोहरबाट उर्जा, कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने,

(ढ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आवश्यक कारवाहीका लागि निर्देशन गर्ने,

(ण) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन आवश्यकता अनुसार विषयगत समिति गठन गर्ने,

(त) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(थ) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका लागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने,

(द) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त वातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने,

(ध) फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने,

(न) फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वडातहसँग समन्वय गर्ने ।

## परिच्छेद-३
## फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यहरु

**५. फोहोरमैला कम उत्पादन गर्ने :**

(१) व्यक्ति, संस्था वा निकायले सबै प्रकारका काम/कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. **फोहोरमैलाको पृथकीकरण :**

(१) नगरपालिकाले फोहोरमैलालाई जैविक, अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपनियम (१) बमोजिम नगपालिकाले तोकिदिए अनुसार फोहोरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकासँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोग गर्न सक्नेछ ।

७. **फोहोरमैलाको निष्काशन :**

(१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिका वा सम्बन्धित वडाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

(३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन ।

८. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन** :

(१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति दिँदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष सर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

९. **रासायनिक विषादी सम्बन्धी व्यवस्था :**

(१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**१०. प्लाष्टिकका झोला, गिलास, प्लेट, चम्चा निषेध सम्बन्धी व्यवस्था र सरोकारवालाको दायित्व :**

(१) शून्य पोलिथिनयुक्त नगरपालिका अभियानलाई प्रभावकारी र सार्थक बनाउन कुनैपनि फर्म, कम्पनी वा व्यक्तिले प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा प्रयोग गर्न पाउने छैन । यो कार्यविधि प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उत्पादन गरी मौज्दातमा रहेका प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा यो निर्देशिका प्रारम्भ भएका मितिले तीन महिना भित्र खपत वा उचित व्यवस्थापन गरी सो को जानकारी नगरपालिकालाई दिनु पर्नेछ । सो अवधि भित्र खपत वा उचित व्यवस्थापन नगरी मौज्दात रहन गएको प्लाष्टिक झोला नगरपालिकाले आफ्नो स्वामित्वमा लिई उचित तरिकाबाट विसर्जन गर्नेछ ।

(२) प्लाष्टिक झोला आयात, भण्डारण, विक्री वितरण तथा प्रयोगमा प्रतिबन्धः
यो कार्यविधि प्रारम्भ भएपछि प्लाष्टिक झोला, गिलास, प्लेटको उत्पादन, आयात, भण्डारण, विक्री वितरण तथा प्रयोग गर्न समेत पाइने छैन ।

(३) **उत्पादकको दायित्व :**
यस कार्यविधिको प्रयोजनको लागि प्रत्येक उत्पादकको कर्तव्य देहायबमोजिम हुनेछ :

(क) हाल सञ्चालनमा रहेका प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा उत्पादन गर्ने उद्योगहरुले यो कार्यविधि लागु भएको मितिले ६ महिना भित्र आफ्नो उत्पादन व्यवस्थापन गर्नु पर्नेछ ।

(ख) नगरपालिकाले उपलब्ध गराएको नमूनामा आधारित रही प्लाष्टिकका झोला, गिलास, प्लेट समेतका विकल्पहरुको विकास गरी त्यस्ता वस्तु मात्र उत्पादन गरी प्रयोगमा ल्याउन पहल गर्नुपर्नेछ ।

(४) नगरबासीहरुको दायित्व : नगरवासीहरुको दायित्व देहाय बमोजिम हुनेछ :

(क) कुनै पनि प्रकारका प्लाष्टिक झोला र प्लाष्टिक ग्लास, प्लेट, चम्चा प्रयोग नगर्ने, प्रयोगमा आइसकेका प्लाष्टिक झोला ग्लास, प्लेट आदि उपयुक्त ढंगले बिसर्जन गर्ने,

(ख) कुनै पनि अवस्थामा प्लाष्टिक झोलाको माग तथा प्रयोग नगर्ने,

(ग) सामान किन्न जाँदा नगरपालिकाले नमूनाको रुपमा उपलब्ध गराएको ढाँचाका झोलाहरु प्रयोग गर्ने,
(घ) कपडा, कागज, अल्लो आदिबाट बनेका वा अन्य वैकल्पिक झोलाहरु प्रयोग गर्नको लागि प्रोत्साहित गर्ने,
(ङ) घर, टोल, समाज लगायत आफ्नो निवास वरिपरिको क्षेत्रलाई प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चामुक्त क्षेत्रको रुपमा घोषणा गर्ने ।

(५) नगरपालिकाको दायित्व : प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चाको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि नगरपालिकाले देहायका कार्यहरु गर्ने गराउनेछ :
(क) प्लाष्टिक झोला र प्लाष्टिक ग्लास, प्लेट, चम्चाको प्रयोगलाई नियमन तथा व्यवस्थापन गर्ने,
(ख) प्लाष्टिक झोला, गिलास, प्लेट समेतको प्रयोग नगर्न उत्प्रेरणा जगाउने,
(ग) प्रयोग भएको प्लाष्टिक झोला, गिलास, प्लेट आदिलाई जहाँबाट खरिद गरी ल्याइएको हो त्यहाँ नै फर्काउन प्रोत्साहित गर्ने,
(घ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पहल गर्ने, सचेतना कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रोत्साहन, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्था गर्ने,
(ङ) प्लाष्टिक झोलाको सट्टा अन्य वातावरणमैत्री थप विकल्प पनि खोज्ने र क्रमिक रुपमा प्लाष्टिक विस्थापित गर्दै जाने नीति अवलम्वन गर्ने,
(च) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने ।

(६) सामान विक्रेताको दायित्व : प्लाष्टिक झोला, ग्लास, प्लेट आदि विक्रेताको दायित्व देहायबमोजिम हुनेछ :
(क) यस कार्यविधिमा उल्लेख भए बमोजिमको कपडा, कागज, अल्लो, फाईबर लगायतका झोला मात्र बिक्री गर्ने,
(ख) प्लाष्टिकका झोला, ग्लास, प्लेट आदि विक्रीका लागि उत्पादक वा अन्य कुनै एजेन्ट आएमा नगरपालिकालाई तुरुन्त जानकारी गराउने । कपडा वा वैकल्पिक झोला प्रयोग गर्ने र प्लाष्टिकका झोला लगायत उपरोक्त वस्तुहरु बन्देज गरिएको जानकारी उपभोक्तालाई गराउने,
(ग) आफ्नो व्यवसायिक क्षेत्रभित्र फ्याँकेका सबै प्लाष्टिक झोलाहरु संकलन गरी पुनःप्रयोगमा पठाउने वा स्व व्यवस्थापन गर्ने,
(घ) सामान किन्न आउँदा ग्राहकलाई आफ्नै झोला लिएर आउन अनुरोध गर्ने ।
(ङ) प्लाष्टिकका झोलामा सामान बिक्री नगर्ने ।

## परिच्छेद-४
## सेवा शुल्क सम्बन्धी व्यवस्था

**११. सेवा शुल्क उठाउन सक्ने :**

(१) नगरपालिका वा सम्बन्धित वडा र अधिकार प्राप्त संस्थाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिम सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिका वा सम्बन्धित वडाले गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको शुल्क नगरपालिका वा सम्बन्धित वडा आफैंले वा तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिका वा सम्बन्धित वडासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ ।

(५) यस नियम बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले सर्वसञ्चित कोषमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नेछ ।

**१२. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :**

(१) नगरपालिकाले दफा ११ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र नगरपालिका वा सम्वन्धित वडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा ११ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिका वा सम्वन्धित वडालाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा ११ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजको सम्पत्ति कर वा व्यवसाय कर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा ११ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

**१३. सेवा सुविधा तथा ऋण कारोबार रोक्का गर्न सकिने ।**

(१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको वैंक कारोबार रोक्का गर्नको लागि नगरपालिका वा सम्वन्धित वडाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद-५
## फोहरमैला व्यवस्थापन एवं शून्य पोलिथिन अभियान सम्बन्धी व्यवस्था

**१४. विभिन्न सरोकारवालाहरुको काम, कर्तव्य :**

(१) फोहरमैला व्यवस्थापन र शून्य पोलिथिन अभियानमा विभिन्न सरोकारवालाहरुको काम, कर्तव्य सम्बन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।

**(क) पैदल यात्री :**

(१) तिलोत्तमा नगरक्षेत्र भित्रका सडकमा हिड्ने जुनसुकै पैदल यात्रुले सडकमा हिड्दा पुकार, गुट्खा, सूर्ती, चुरोट, विस्कुट, चाउचाउ, रिचार्जकार्ड वा यस्तै प्रकारका कुनै पनि खाद्य वा अखाद्य बस्तु उपभोग गरेमा उपभोग पश्चात खालि भएका प्याकेट वा खोल आदी पोलिथिनजन्य फोहर सडकमा नफाली अनिवार्य रुपमा डस्टविनमा राख्नुपर्नेछ ।

(२) सडकमा नजिकै डस्टविन नभएको खण्डमा सो फोहर आफ्नो खल्ती वा झोलामा राखी जहां डस्टविन भेटिन्छ त्यसैमा राख्नुपर्नेछ ।

(३) उपरोक्त बमोजिम गर्नु सडकयात्रीको कर्तव्य हुनेछ । सो अनुसार नगरेमा त्यस्ता व्यक्तिलाई यस कार्यविधि बमोजिम जरिवाना हुनेछ ।

**(ख) घर/परिवार :**

(१) हरेक घरबाट निस्कने कुहिने फोहर र नकुहिने फोहर अलग अलग डस्टविनमा राख्नुपर्नेछ ।

(२) बजारबाट खरिद गरी ल्याइएका खाद्य वा अन्य सामग्रीका पोलिथिनजन्य खोल, प्याकेट आदी फोहर त्यतिकै नफ्याकी अनिवार्य रुपमा डस्टविनमा राख्नुपर्नेछ ।

(३) ठूला खालका पोलिथिनजन्य वस्तुहरु डष्टविनमा राख्दा डष्टविन छिट्टै भरिन गई असुविधा हुने हुनाले त्यस्ता सामग्री बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नुपर्नेछ

(४) दैनिक नियमित रुपमा आफ्नो घर, जग्गा, अगाडीको सडक मोहडा, नाली वरपर हावाले उडाई ल्याएका वा सडकयात्रीले खसालेका पोलिथिनजन्य फोहर सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

(५) भान्सा एवं बाथरुमबाट निस्कने फोहरपानी व्यवस्थित गर्न अनिवार्य रुपमा सक-पिट (Soak Pit) बनाउनु पर्नेछ, यस्तो पानी सडक, कूलो, ढल तथा नालीमा फ्याक्ने कार्य गर्नु हुदैन ।

(६) चर्पीका लागि अनिवार्य रुपमा छुट्टै सेफ्टी ट्यांकी बनाउनु पर्दछ । ढलमा मिसाउने कार्य डण्डनीय हुनेछ ।

**(ग) निजी निर्माण स्थल :**

(१) घर निर्माण शुरु गर्दा सर्वप्रथम निर्माण स्थलमा कुहिने र नकुहिने फोहर राख्ने डस्टविन राखी त्यसको प्रयोग गर्नुपर्नेछ ।

(२) घर निर्माण कार्यको निर्माण अनुमति दिंदा शर्त उल्लेख गरी निर्माण कार्यमा संलग्न घरधनीलाई जिम्मेवार गराई ठेकेदार र कामदारले प्रयोग गर्ने पुकार, गुट्खा, चुरोट, चाउचाउ, विस्कुट, रिचार्ज कार्ड लगायतका पोलिथिनजन्य फोहर यत्र तत्र नफाली डस्टविनमा राख्नैपर्ने वाध्यकारी व्यवस्था गर्नुपर्नेछ ।

(३) निर्माण सामग्री प्रयोग गर्दा निस्कने ठूला खालका पोलिथिनजन्य फोहर बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(४) आफ्नो निर्माण स्थलको सडक मोहडा तथा हावाले उडाई ल्याएका वा निर्माणकर्मीले फ्याँकेका पोलिथिनजन्य फोहर नियमित रुपमा सरसफाई गरी निर्माणस्थललाई पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(घ) सामाजिक संघ/संस्था, वित्तिय संस्था एवं सहकारी :**

(१) संघसंस्थाका कार्यालयमा दैनिक कामको सिलसिलामा निस्कने कुहिने फोहर र नकुहिने फोहर अलग अलग डस्टविनमा राख्नुपर्नेछ ।

(२) कार्यालयमा प्रयोग हुने विभिन्न बस्तुको प्याकेजिङ गरिएका पोलिथिनजन्य खोलहरु कार्यालयमा यत्रतत्र नफ्याकी अनिवार्य रुपमा डस्टविनमा राख्नुपर्नेछ ।

(३) ठूला खालका पोलिथिनजन्य वस्तुहरु डष्टविनमा राख्दा डष्टविन छिट्टै भरिन गई असुविधा हुने हुनाले त्यस्ता सामग्री बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(४) आफ्नो संघसंस्थाका कार्यालय भवनको सडक मोहडा, नाली तथा वरपर नियमित सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(ङ) शिक्षण संस्थाः**

(१) शिक्षण संस्थामा दैनिक रुपमा निस्कने कुहिने फोहर र नकुहिने फोहर अलग अलग डस्टविनमा राख्नुपर्नेछ ।

(२) शिक्षण संस्थामा प्रयोग हुने विभिन्न बस्तुको प्रयोग पश्चात त्यसका पोलिथिनजन्य खोल, प्याकेट आदी फोहर वस्तुहरु यत्रतत्र नफ्याकी अनिवार्य रुपमा डस्टविनमा राख्नुपर्नेछ ।

(३) विद्यार्थीहरुलाई प्रशिक्षित गरी घर वा विद्यालयमा रहँदा वा बाटो/सार्वजनिक स्थलमा हिड्दा तयारी खाजा नास्ता खाने क्रममा निस्कने पोलिथिनजन्य खोल प्याकेट आदि वस्तु यत्रतत्र नफाली अनिवार्य रुपमा डस्टविनमा राख्ने बानी बसाउनु पर्नेछ ।

(४) विद्यार्थीहरु मार्फत निजका घरपरिवार वा समाजलाई समेत पोलिथिनजन्य वस्तुको उचित व्यवस्थापनका लागि जनचेतना जगाउने वातावरण सिर्जना गर्नुपर्नेछ ।

(५) आफ्नो शिक्षण संस्थामा सरसफाई तालिका तयार गरी विद्यालय भवनको कम्पाउण्ड, सडक मोहडा, सडक नाली तथा वरपर नियमित सरसफाई गरी पोलिथिन शून्य विद्यालय बनाउनु पर्नेछ ।

**(च) सरकारी कार्यालयः**

(१) कार्यालयमा प्रयोग हुने विभिन्न सामानहरु प्याकेजिङ गरिएका पोलिथिनजन्य वस्तुहरु कार्यालय वरपर यत्रतत्र नफ्याँकी अनिवार्य रुपमा डस्टविनमा राख्नुपर्नेछ ।

(२) सेवाग्राही तथा कर्मचारीहरुबाट निस्कने स-साना फोहर व्यवस्थापनका लागि कार्यालय परिषरभित्र सबैलाई पायक पर्ने ठाउंमा डस्टविन राखी फोहर राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) ठूला खालका पोलिथिनजन्य वस्तुहरु डष्टविनमा राख्दा डष्टविन छिट्टै भरिन गई असुविधा हुने हुनाले त्यस्ता सामग्री बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(४) आफ्नो कार्यालयको कम्पाउण्ड, सडक मोहडा, सडक नाली शौचालय तथा वरपर नियमित सरसफाई गरी पोलिथिन शून्य कार्यालय बनाउनु पर्नेछ ।

(५) आफ्नो कार्यालय परिषद्भित्र जमीनको उचित प्रयोग गरी सौन्दर्यिकरण गर्नु पर्दछ ।

**(छ) उद्योगः**

(१) उद्योगमा प्रयोग हुने कच्चा पदार्थ प्याकेजिङ गरिएका पोलिथिनजन्य वस्तुहरु उद्योग परिसर भित्र यत्रतत्र नफ्यांकी बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) उद्योगका श्रमिक एवं कर्मचारीहरुले प्रयोग गर्ने पुकार, गुट्खा, रिचार्जकार्ड, चुरोट लगायतका वस्तु उपभोग गर्दा निस्कने स-साना पोलिथिनजन्य फोहर डस्टविनमा राख्नैपर्ने वाध्यकारी व्यवस्था गर्नुपर्नेछ ।

(३) पटक पटक डष्टविनमा राख्न समस्या हुने भएमा गोजीमा संकलन गरी उकमुष्ठ रुपमा डष्टविनमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(४) उद्योग परिसर भित्र सरसफाई तालिका तयार गरी टांस्ने र सोही अनुसार नियमित रुपमा सफा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) फोहर जथाभावी नफाल्न सबै श्रमिक वर्गलाई सचेत गराउनु पर्नेछ ।

(६) आफ्नो उद्योगको सडक मोहडा, नाली तथा वरपर नियमित सरसफाई गरी उद्योग परिषरभित्र फुलहरु लगाई सौन्दर्यिकरण गर्नु पर्दछ ।

**(ज) सवै प्रकारका होटल, रेष्टुरा, चमेना गृह, खाजा/नास्ता पसल र अन्य पसल/व्यापार :**

(१) विकी विवरणका लागि ल्याइएका सामानको प्याकेजिङ्ग गरिएका ठूला पोलिथिनजन्य फोहर बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नुपर्नेछ ।

(२) स-साना सामान प्याकेजिङ्ग गरिएका पोलिथिनजन्य फोहर डष्टविनमा राख्नुपर्नेछ ।

(३) ग्राहकलाई पोलिथिनका खोल लगाइएका, पोलिथिनमा प्याकिङ्ग गरिएका बस्त बिक्री गर्दा त्यस्ता खोलहरु पसलमै खोली बोरामा राख्नुपर्नेछ ।

(४) कुनै ग्राहकले खोल सहित लैजान चाहेमा त्यस्ता खोलहरु यत्रतत्र नफ्याँकी घरमै डष्टविनमा राख्नुपर्नेछ ।

(५) चुरोट, सूर्ती, पुकार, गुट्खा, चकलेट, विस्कुट, चिप्स, दालमोठ, चिजवल्स, आईसक्रिम, रिचार्ज कार्ड जस्ता स-साना वस्तु फुटकर रुपमा विकी गर्नु पर्दा त्यस्ता वस्तुका खाली खोल वा प्याकेट तत्काल उपभोग गर्ने भए पसल अगाडी रहेको डस्टविनमा राख्न र उपभोग गर्दै जाने भए बाटोमा नफ्याँकी डष्टविन फेला नपरेसम्म आफुसँग राखी उचित स्थानमा फ्याक्नुपर्ने अन्यथा जरिवाना लाग्ने व्यहोराको जानकारी दिएर मात्र विकी गर्नुपर्नेछ ।

(६) आफ्नो व्यापार, व्यवसाय तथा पसल अगाडीको सडक मोहडा, नाली वरपर हावाले उडाई ल्याएका वा उपभोक्ताले खसालेका पोलिथिनजन्य फोहरको नियमित रुपमा सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

(७) होटल तथा रेष्टुरामा निस्कने कुहिने फोहर र नकुहिने फोहर अलग अलग डस्टविनमा राख्नु पर्नेछ ।

(८) खाद्यान्न लगायतका अन्य खाद्य पदार्थ प्याकेजिङ गरिएका पोलिथिनजन्य वस्तुहरु यत्रतत्र नफ्यांकी अनिवार्य रुपमा बोरामा संकलन गरी उचित स्थानमा व्यवस्थापन गर्नु पर्नेछ ।

(९) होटल तथा रेष्टुरामा आउने पाहुनाले वा कामदार, कर्मचारी सबैले प्रयोग गर्ने पुकार, पराग, चुरोटका ठुटा, रिचार्ज कार्ड आदी डष्टविनमा राख्ने अनुरोध सहितका सूचनाको स्टीकर टाँस गरी जथाभावी फोहर नफाल्न सचेत गराउनु पर्नेछ ।

(१०) व्यवस्थापनले होटल तथा रेष्टुरामा कार्यरत कामदार तथा कर्मचारीलाई यस सम्बन्धमा समय समयमा सचेतना जगाउनु पर्नेछ ।

(११) आफ्नो होटल तथा रेष्टुराको भवन, जग्गा, अगाडीको सडक मोहडा, नाली वरपर भेटिएका पोलिथिन लगायत फोहरजन्य वस्तु नियमित रुपमा सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

(१२) खुला जमीन नभएमा गमलामा फूल विरुवा लगाएर भए पनि नगरको सौन्दर्यिकरणमा साथ दिनु पर्छ ।

**(झ) पशु वधशाला, फ्रेसहाउस र माछा पसलः**

(१) पशु वधशाला, फ्रेसहाउस, माछा पसलवाट निस्कने मलमूत्र, जनावरको हाड, सिंङ, खुर, रौं, चराको प्वाँख, माछाको पखेटा, कत्ला आदी दुर्गन्धित फोहर जथाभावि नफाली खाडल खनेर गाड्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कामदारले उपभोग गर्ने चुरोट, खैनी, सूर्ति, पराग, पुकार, रिचार्जकार्ड आदी पोलिथिनजन्य फोहर डस्टविनमा राख्ने व्यवस्थालाई कडाइका साथ पालना गर्नु गराउनु पर्दछ ।

(३) वधशाला, फ्रेसहाउस, माछा पसल अगाडीको सडक मोहडा, नाली वरपर भेटिएका पोलिथिन लगायत फोहरजन्य वस्तु नियमित रुपमा सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(ञ) सावजनिक निर्माण कार्य**

(१) सार्वजनिक निर्माण कार्य गर्दा ठेकेदार वा उपभोक्ता समितिले निर्माण स्थलमा डस्टविन र निर्माण कार्यमा संलग्न कामदार, कर्मचारीले प्रयोग गर्ने पुकार, गुट्खा, चुरोट, चाउचाउ, विस्कुट लगायतका पोलिथिनजन्य फोहर यत्र तत्र नफाली डस्टविनमा राख्नुपर्नेछ ।

(२) स्थानीय स्तरमा हुने सार्वजनिक निर्माण कार्यको नगरपालिका वा वडाबाट योजना सम्झौता गर्दा सम्झौता पत्रमा शर्त उल्लेख गरी निर्माण कार्यमा संलग्न कामदार, कर्मचारीले प्रयोग गर्ने पुकार, गुट्खा, चुरोट, चाउचाउ,

विस्कुट लगायतका पोलिथिनजन्य फोहर यत्र तत्र नफाली डस्टविनमा राख्नैपर्ने वाध्यकारी व्यवस्था गर्नुपर्नेछ ।

(३) नगर वा वडाबाट सार्वजनिक निर्माण स्थलको अनुगमन गर्दा शर्त पालना भए/नभएको समेत अनुगमन गर्नुपर्नेछ ।

(४) निर्माण सामग्री प्रयोग गर्दा निस्कने पोलिथिनजन्य फोहर यत्रतत्र नफाली बोरामा संकलन गरी उचित व्यवस्थापन गनुपर्नेछ ।

(५) निर्माणस्थल वरपर भेटिएका पोलिथिन लगायत फोहरजन्य वस्तु नियमित रुपमा सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(ट) बगैचा, पार्क, पिकनिक स्थल**

(१) बगैंचा, पार्क, पिकनिक स्थलहरुमा सम्बन्धित सञ्चालकहरुले कुहिने फोहर र नकुहिने फोहर राख्न अलग अलग डस्टविनको व्यवस्था गरेको हुनुपर्नेछ ।

(२) पार्कमा आउने पर्यटक वा पिकनिक/वनभोजका लागि आउनेहरुलाई सार्वजनिक सूचना पाटीमा फोहर यत्रतत्र नफ्याक्न र डष्टविनमा राख्न अनुरोध एवं नराखेमा हुने जरिवाना समेत उल्लेख गरी सूचना तथा जानकारी दिनुपर्नेछ ।

(३) पिकनिक कार्यक्रम समापन भएपछि आयोजक स्वयमले पिकनिक स्थलको सरसफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

(४) कुहिने फोहरलाई आफ्नै परिषरभित्र उचित व्यवस्थापन गर्नुपर्छ ।

**(ठ) कृषि तथा पशु फार्म**

(१) कृषि फार्ममा मलखादका बोरा र बोरामा लेमिनेशन भएका पोलिथिन, नयाँ यन्त्र उपकरण वा औजार प्याकेजिङ्ग भई आएका गत्ता आदी पोलिथिनजन्य ठूला फोहरहरु छुट्टै बोरामा संकलन गर्नुपर्नेछ ।

(२) पशुपन्छिपालन फार्ममा पशुपन्छिका दाना, औषधी, उपकरण आदि प्याकेजिङ्ग भई आएका गत्ता, पोलिथिनजन्य ठूला फोहरहरु छुट्टै बोरामा संकलन गर्नुपर्नेछ ।

(३) फार्ममा कार्यरत कामदार, कर्मचारी, अवलोकनकर्ता आदीले चुरोट सुर्ति, पुकार, गुट्खा, रिचार्ज कार्ड आदि प्रयोग गरेपछि निस्कने पोलिथिनजन्य फोहर डष्टविनमा राख्नुपर्नेछ ।

(४) आफ्नो फार्म, जग्गा, अगाडीको सडक मोहडा, नाली वरपर भेटिएका पोलिथिन लगायत फोहरजन्य वस्तु नियमित रुपमा सफाई गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(ड) हाट वजार**

(१) हाटवजारमा विकी गर्ने पसलेहरुले कपडा, जुत्ता, झोला, भांडाकुंडा, फलफूल बिक्री गर्दा कभरको रुपमा आउने पोलिथिनजन्य खोल आफैले संकलन गरी उचित स्थानमा राख्नुपर्नेछ ।

(२) उपभोक्ताले पनि सामान खरिद गर्दा पोलिथिनजन्य फोहर बिक्रेताकहाँ छाडिदिनु पर्नेछ ।

(३) कुनै उपभोक्ताले पोलिथिन कभर सहित लैजान चाहेमा त्यस्तो पोलिथिनजन्य खोल बजार वा बाटोमा नफ्याँकी घरमा रहेको डष्टविनमा राख्नुपर्नेछ ।

(४) ठेक्का व्यवस्थापन भएका हाटबजारमा ठेकेदार स्वयमले व्यवसायीलाई खवरदारी गरी हाटबजार क्षेत्रलाई पोलिथिनशून्य बनाउनु पर्नेछ ।

(५) अमानतमा सञ्चालन भएका हाटवजारमा व्यवस्थापन समितिले व्यवसायीलाई खवरदारी गरी हाटबजार क्षेत्रलाई पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(ढ) निजी तथा सरकारी अस्पताल**

(१) अस्पताल तथा स्वास्थ्य संस्थाहरुले अस्पतालबाट निस्कने अस्पतालजन्य फोहर, कुहिने फोहर र नकुहिने फोहर अलग अलग डष्टविन राखी फोहर संकलन गर्नुपर्नेछ ।

(२) विरामीका कुरुवा, विरामी भेट्न आउने मान्छे वा विरामीले फयाँक्ने पोलिथिनजन्य र अन्य फोहर वस्तु डष्टविनमा राख्नको लागि ठाउँठाउँमा सूचना टाँस गर्नुपर्नेछ ।

(३) अस्पताल तथा स्वास्थ्य संस्था वरपर नियमित रुपमा सरसफाई गरी कार्यक्रम स्थललाई पूर्ण सरसफाई गर्ने जिम्मेवारी अस्पताल व्यवस्थापनको हुनेछ ।

(४) संकलित फोहरको उचित व्यवस्थापन गर्ने जिम्मेवारी समेत सम्बन्धित अस्पतालको हुनेछ ।

**(ण) मठ, मन्दिर, गुम्वा, चर्च, मस्जिद आदी धार्मिक स्थल**

(१) धार्मिक स्थलहरुमा फोहर राख्नको लागि डष्टविन राख्नुपर्नेछ ।

(२) धार्मिक स्थललाई पूर्ण सरसफाई गर्ने जिम्मेवारी सम्बन्धित व्यवस्थापन समितिको हुनेछ ।

(३) पूजा सामग्री, फूलप्रसाद, धुपधजा आदि व्यवस्थित तरिकाले चढाउने र यस्ता सामानका प्याकेट, खोल, झोला आदी अव्यवस्थित तवरले यत्रतत्र नफाली डण्टविनमा राख्नुपर्नेछ ।

(४) सार्वजनिक सूचना पाटी टाँस गरी धार्मिक स्थल वरपर सरसफाई राख्न र पोलिथिनजन्य फोहर छरिएको देखेमा देख्ने व्यक्तिले टिपेर डष्टविनमा राख्न अपिल गर्ने ।

**(त) खेल मैदान**

(१) खेलमैदानमा फोहर राख्नको लागि डष्टविन राख्नुपर्नेछ ।

(२) खेलमैदानलाई पूर्ण सरसफाई गर्ने जिम्मेवारी आयोजक एवं सम्बन्धित व्यवस्थापन समितिको हुनेछ ।

(३) खेल हेर्ने दर्शकले उपभोग गर्ने सुर्ति, पुकार, चुरोट, खैनी, रिचार्ज कार्ड लगायतका वस्तु उपभोग गरेपछि खाली भएका खोल, प्याकेट आदी अव्यवस्थित तवरले यत्रतत्र नफाली डण्टविनमा राख्नुपर्नेछ ।

(४) पानी तथा खाजा नास्ता खाईसकेपछि खाली भएका बोतल, चाउचाउ, विस्कुट, आदीका खोल, फलफुलका बोक्रा, बियाँ आदी यत्रतत्र नफाली डण्टविनमा राख्नुपर्नेछ ।

(५) सार्वजनिक सूचना पाटी टाँस गरी खेलमैदान वरपर सरसफाई राख्न र पोलिथिनजन्य फोहर छरिएको देखेमा देख्ने व्यक्तिले टिपेर डष्टविनमा राख्न अपिल गर्ने ।

(६) खेल समापन हुनासाथ आयोजकले खेलमैदानमा रहेका फोहर टिपेर सफा गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(थ) विवाह, पुजा तथा साँस्कृतिक कार्य**

(१) कार्यक्रम स्थललाई पूर्ण सरसफाई गर्ने जिम्मेवारी आयोजक स्वयमको हुनेछ ।

(२) घरैमा आयोजना हुने विवाह, व्रतबन्ध, पूजाआजा गर्ने घरमा डष्टविनको व्यवस्था गर्नुपर्नेछ ।

(३) सामाजिक रुपमा आयोजना हुने पूजा वा साँस्कृतिक कार्यक्रममा आयोजकले डष्टविनको व्यवस्था गर्नुपर्नेछ ।

(४) कार्यक्रममा संलग्न अतिथि वा निम्तालुले उपभोग गर्ने पुकार, सुर्ति, खैनी, रिचार्जकार्ड, वालबच्चाले खाने विस्कुट, चक्लेट, चाउचाउ आदी उपभोग पश्चात खाली हुने खोल, प्याकेट डष्टविनमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(५) निम्तालुले ल्याएका उपहार वा प्रसादजन्य वस्तुका खोल, प्याकेट र कार्यक्रममा भोज वा प्रसाद बनाउनको लागि

ल्याईएका खाद्य वा अन्य वस्तु राखिएका खोल, प्याकेटहरु यत्रतत्र नफ्ँयाकी डष्टविनमा राख्नुपर्नेछ ।

(६) पोलिथिनजन्य वा अन्य कुनै फोहरजन्य पदार्थ यत्रतत्र छरिएको भेटिएमा कार्यक्रम अवधिभर समय समयमा सरसफाई गर्ने व्यवस्था आयोजकले मिलाउनु पर्नेछ ।

(७) सामाजिक रुपमा आयोजना हुने पुजा वा साँस्कृतिक कार्यक्रम सम्पन्न हुनासाथ आयोजकले कार्यक्रस्थलको पूर्ण रुपमा सफाइ गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(द) सभा, सम्मेलन, ऱ्याली स्थल**

(१) सभा समारोह आयोजना गर्ने स्थानमा आयोजकले अस्थाई रुपमा भए पनि डष्टविनको व्यवस्था गर्नुपर्नेछ ।

(२) कार्यक्रम सञ्चालन अवधिभर माईकबाट अनाउन्स (घोषणा) गरी सहभागिहरुलाई सरसफाइका सम्बन्धमा सचेत गराइरहनु पर्नेछ ।

(३) सभा समारोह स्थलमा निस्कने पोलिथिन तथा अन्य फोहरको उचित व्यवस्थापन गर्न आयोजक स्वयं नै जिम्मेवार हुनुपर्नेछ ।

(४) कार्यक्रम समापन पश्चात कार्यक्रम स्थलमा कुनै फोहर भए आयोजक स्वयंले सफा गरी पोलिथिन शून्य बनाउनु पर्नेछ ।

**(ध) सार्वजनिक सवारीका साधन**

(१) सवारीका साधनमा अनिवार्य रुपमा डस्टविनको प्रयोग गर्नुपर्नेछ ।

(२) सार्वजनिक बस, ट्रक, ई-रिक्सा व्यवसायीका सम्बन्धित समितिहरुसंग सहकार्य गरी समिति मातहतका सवारी साधनका धनी मार्फत स्टाफलाई यस सम्बन्धमा सु-सूचित गरी स्टाफ आफूले पनि फोहर बाहिर नफाल्ने र यात्रुलाई समेत सचेत गराउने व्यवस्था गर्नुपर्नेछ ।

(३) सवारी साधन भित्र सवैले देख्ने ठाउँमा **वाहिर जथाभवी फोहर नफालौं, डष्टविनमा राखौं** भन्ने सन्देशको सुचना टांस गर्ने र यात्रुलाई जानकारी गराउने

(२) यस दफामा उल्लेख भएका सरोकारवाला वा निकाय बाहेक अन्य कोही कसैलाई समेत नगरपालिकाले आवश्यकतानुसार सूचना प्रबाह वा आदेश जारी गरी फोहरमैला व्यवस्थापनका काम कर्तव्य तोक्नसक्ने छ ।

**परिच्छेद-६**
**कसूर तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था**

**१५. कसूर सम्बन्धी व्यवस्था :**
कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन २०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ :-

(क) नगरपालिका वा सम्बन्धित वडाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ एवं प्रचलित कानून बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित सर्तहरु उल्लंघन गर्ने,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने वा यस्ता वस्तु सार्वजनिक स्थल वा सडक, कूलो, ढल, नालीमा मिसाई प्रदुषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिका वा सम्बन्धित वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हड्ताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रु तथा सवारीसाधनबाट जथाभावी फोहर फाल्ने,

(न) चुरोट तथा सुर्तिजन्य (पान/पुकार/गुट्खा आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने ।

(प) नगरपालिकाले आफ्नो क्षेत्रलाई सफा, स्वच्छ र पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान सञ्चालन गर्ने क्रममा यस कार्यविधि बमोजिम शून्य पोलिथिनयुक्त नगर बनाउने अभियानमा दफा १४ मा उल्लेख भएका सरोकारवालाहरुले सो दफामा उल्लेख भए बमोजिम आफ्नो कर्तव्य वा जिम्मेवारी पूरा नगरी जथाभावी पोलिथिनजन्य फोहोर फाल्ने, फाल्न लगाउने,

(फ) यस कार्यविधिको दफा १० मा उल्लेख भएको प्रावधान विपरित प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा उत्पादन, भण्डारण, बिकी वितरण र प्रयोग गर्ने,

**१६. <u>दण्ड जरिवाना :</u>**

(१) दफा १५ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए तीन हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा तीन हजार रुपैयाँदेखि सात हजार रुपैयाँसम्म

जरिवाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा १५ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच सय रुपैयाँदेखि तीन हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा १५ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा १५ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्वन्धित वडाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(५) दफा १५ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा १५ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) दफा १५ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले पाँच हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा १५ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा १५ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना सजाय गर्न सक्नेछ।

(१०) दफा १५ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न वा फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(११) दफा १५ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ । सोही कसूर पुनः ५ पटक भन्दा वढी गरेमा प्रत्येक पटक पाँच सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ ।

(१२) दफा १५ को खण्ड) (प) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले प्रत्येक पटक पाँचसय जरिवाना गर्न सक्ने छ। सोही कसूर पुनः ५ पटक भन्दा वढी गरेमा प्रत्येक पटक पाँचसय वृद्धि गरी जरिवाना गर्न सक्ने छ।

(१३) दफा १५ को खण्ड (फ) बमोजिमको कसूर गर्नेलाई नगरपालिका वा सम्बन्धित वडाले देहाय अनुसारको जरिवाना गर्न सक्ने छ।

क) प्लाष्टिक झोला, गिलास, प्लेट, चम्चा उत्पादन गर्ने उद्योगलाई प्रतिपटक रु.१००००।- सम्म,

ख) उपरोक्त वस्तु बिकी गर्ने पसल धनीलाई प्रतिपटक रु.१०००।- सम्म ।

ग) उपरोक्त वस्तुहरु प्रयोग गर्ने उपभोक्तालाई प्रतिपटक रु.२००।- सम्म,

घ) माथि खण्ड (क) र (ख) मा उल्लेखित उत्पादक वा वितरकले पटक पटक सोही कसूर दोहऱ्याई रहेमा नगरपालिकाले उत्पादन वा बिकी वितरणको अनुमति वा दर्ता खारेजी गर्ने वा दर्ता खारेज गर्न लेखी पठाई त्यस्तो कारोबार बन्द गर्न सक्नेछ।

**१७. पुनरावेदन :**

दफा १६ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुरावेदन दिन सक्ने छ।

## परिच्छेद-७
## अनुगमन सम्बन्धी व्यवस्था

**१८. अनुगमन समिति :**

यस कार्यविधि बमोजिम प्लाष्टिक झोला, गिलास, प्लेट र पोलिथिनजन्य फोहोरको नियमन तथा नियन्त्रण सम्बन्धी काम प्रभावकारी ढंगले संचालन गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय अनुगमन समिति रहनेछ :

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सह-संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य
(ङ) तिलोत्तमा उद्योग वाणिज्य संघ, तिलोत्तमा व्यापार संघ, तिलोत्तमा
(च) व्यापार संगठनबाट एक/एक जना गरी तीन जना प्रतिनिधि - सदस्य
(छ) नगरपालिका भित्रका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्षहरु - सदस्य
(ज) सम्बन्धित क्षेत्रका विज्ञ दुई जना - सदस्य
(झ) वातावरण उप-शाखा प्रमुख - सदस्य सचिव

१९. **<u>अनुगमन समितिको काम, कर्तव्य र अधिकार :</u>**
अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) यस कार्यविधि बमोजिम जनचेतनामूलक कार्यक्रम संचालन गर्ने/गराउने ।
(ख) नियमित अनुगमन गरी प्रोत्साहन, पुरस्कार तथा कारवाहीका लागि नगरपालिकालाई सिफारिस गर्ने ।
(ग) फोहोरमैला व्यवस्थापन कार्यलाई प्रोत्साहन गर्न आवश्यकतानुसार विभिन्न सुविधा, पुरस्कार प्रदान गर्न नीतिगत व्यवस्थाको लागि सिफारिस गर्ने ।
(घ) नगरमा शून्य पोलिथिनको दीगो व्यवस्थापनको लागि नीतिगत व्यवस्थाको सिफारिस गर्ने
(ङ) पोलिथिनजन्य फोहर व्यवस्थापनमा नगरकार्यपालिकाले तोकिदिए बमोजिमको अन्य काम गर्ने

२०. **<u>वडागत अनुगमन समिति</u>** :
प्लाष्टिक झोला, गिलास, प्लेट र पोलिथिनजन्य फोहरको नियमन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि प्रत्येक वडामा देहाय बमोजिमको वडागत अनुगमन समिति रहनेछ
(क) वडा अध्यक्ष - संयोजक
(ख) वडास्तरीय सरसफाई संयोजक - सदस्य
(ग) तिलोत्तमा उद्योग वाणिज्य संघ, व्यापार संघ, व्यापार संगठन लगयातका स्थानीय व्यवसायिक छाता संगठनका प्रतिनिधिहरु एक/एक जना - सदस्य
(घ) ईलाका प्रहरी कार्यालय/प्रहरी चौकीको प्रतिनिधि एक जना- सदस्य
(ङ) वडा अन्तरगतका टोल विकास संस्थाहरु मध्येबाट वडागत अनुगमन समितिले मनोनित गरेका तीन वटा टोल विकास संस्थाका अध्यक्षहरु - सदस्य
(च) स्थानीय जानकारहरु मध्येबाट मध्येबाट वडागत अनुगमन समितिले मनोनित गरेका बढीमा ४ जना - सदस्य
(छ) वडा सचिव -सदस्य सचिव,

२१. **वडागत अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

वडागत अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) आफ्नो वडा भित्र प्लाष्टिक झोला, गिलास, प्लेट समेतको उत्पादन, भण्डारण, बिक्री, वितरण वा प्रयोग भए वा नभएको र पोलिथिनजन्य फोहर तथा कुहिने फोहरको अनुगमन गर्ने,

(ख) यस कार्यविधि विपरित प्लाष्टिक झोला, गिलास, प्लेट उत्पादन, संकलन, बिक्री वितरण वा भण्डारण गर्ने फर्म, कम्पनी वा व्यक्तिबाट त्यस्तो उत्पादित सामान जफत गर्ने,

(ग) खण्ड (ख) बमोजिम जफत भएका सामानको मुचुल्का बनाई वातवरणमैत्री हुने गरी उपलब्ध प्रविधि अनुरुप नष्ट गर्ने,

(घ) जफत भएका त्यस्तो सामान नष्ट गर्दा लाग्ने खर्चमा ५० प्रतिशत थप गरी हुन आउने रकम कसुरदारबाट असुल उपर गर्ने,

(ङ) कसुरको मात्रा हेरी सजायको लागि नगरपालिकास्तरीय अनुगमन समितिमा पठाउने,

(च) प्लाष्टिक झोला, गिलास, प्लेटको उत्पादन, आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापनसँग सम्बन्धित जनचेतनामूलक काम गर्ने/गराउने,

(छ) यस कार्यविधि बमोजिम पोलिथिनजन्य फोहर नियन्त्रणका लागि विभिन्न सरोकारवालाहरुले आफूलाई तोकिए अनुसारको कर्तव्य/जिम्मेवारी पूरा गरे नगरेको विषयमा स्थलगत अनुगमन गरी शून्य पोलिथिनको दीगो व्यवस्थापनका लागि राय सुझाव सहित नगरपालिकामा प्रतिवेदन गर्ने ।

(ज) नगरपालिकास्तरीय अनुगमन समिति तथा नगरपालिकाले दिएको निर्देशन पालन गर्ने ।

## परिच्छेद-८
## पूर्ण सरसफाइयुक्त अभियान सम्बन्धी व्यवस्था

२२. **खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH Plan) को तर्जुमा :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रमा पूर्ण सरसफाइयुक्त अभियान सञ्चालन गर्न छुट्टै WASH Plan को तर्जुमा गरी सो अनुसारका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने छ ।

(२) यस दफा बमोजिमको WASH Plan मा अन्य कुराका अतिरिक्त देहायका विषयहरु समावेश गरिने छ

(क) पूर्ण सफाइका क्रियाकलापहरु
(ख) पूर्ण सफाइका सूचकहरु
(ग) स्व.घोषणा, अनुगमन तथा प्रमाणीकरण
(घ) क्षमता अभिवृद्धि कार्यक्रम
(ङ) श्रोत व्यवस्थापन
(च) पुरस्कार, सम्मान र कदर
(छ) अनुगमन, मूल्यांकन प्रतिवेदन
(ज) विभिन्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

२३. **पूर्ण सरसफाइ अभियान सञ्चालन तथा घोषणा :**

(१) पूर्ण सरसफाइयुक्त अभियान सञ्चालनका लागि दफा २२ मा उल्लेख भएको WASH Plan का अतिरिक्त नगरपालिकाले यस सम्बन्धी छुट्टै कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको छुट्टै कानून तर्जुमा नहुँदासम्म पूर्ण सरसफाइ मार्गदर्शन-२०७३, बमोजिमको सबै प्रक्रिया अवलम्न गरी पूर्ण सरसफाइयुक्त अभियान सञ्चालन तथा पूर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणा गरिनेछ ।

२४. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था तथा अन्य सरोकारवालासँग सहकार्य र समन्वय :**

(१) दफा २२ र २३ बमोजिम WASH Plan तर्जुमा गर्दा र पूर्ण सरसफाइयुक्त अभियान सञ्चालनका लागि छुट्टै कानून तर्जुमा गर्दा नगरपालिका क्षेत्र भित्रका खानेपानी, सरसफाई तथा उपभोक्ता संस्थासँग आवश्यक समन्वय गरी तर्जुमा गर्नुपर्नेछ ।

(२) नगरपालिकामा पूर्ण सरसफाइयुक्त अभियान सञ्चालन र घोषणा सम्बन्धी कार्य प्रक्रियाहरु अघि बढाउँदा खानेपानी, सरसफाइ तथा उपभोक्ता संस्था तथा अन्य सरोकारवालासँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।

## परिच्छेद-९
## टोल विकास संस्था परिचालन सम्बन्धी व्यवस्था

२५. **फोहरमैला व्यवस्थापनमा टोल विकास संस्थाको परिचालन :**

(१) फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त अभियान सञ्चालनमा प्रत्येक टोल विकास संस्थालाई अधिकतम परिचालन गरिने छ । यस कार्यमा नगरपालिकाबाट आवश्यकतानुसार सहजीकरण एवं प्रोत्साहनको व्यवस्था हुने छ ।

(२) वडा अन्तरगतका सबै टोल विकास संस्थाहरुलाई वडा कार्यालयबाट आवश्यक समन्वय र सहजीकरण गरी यस दफा बमोजिमको कार्यमा परिचालन गरिने छ ।

(३) फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान सञ्चालनमा टोल विकास संस्थाको भूमिका एवं काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने छ ।

(क) आफ्नो टोलको सम्पूर्ण सरसफाइ व्यवस्थापनमा सक्रीय रुपले सहभागी हुने ।

(ख) आफ्नो टोल अन्तरगतका घर/परिवारलाई सरसफाइ कार्यमा परिचालन गर्ने, सहभागिताको रेकर्ड अद्यावधिक राख्ने ।

(ग) टोलका सबै घर/परिवारलाई परिचालन गरी आफ्नो टोललाई शून्य पोलिथिनयुक्त टोल घोषणा गर्ने, गराउने ।

(घ) यस कार्यविधि बमोजिम पोलिथिनजन्य फोहर व्यवस्थापनमा आफ्नो टोल भित्रका सरोकारवालाहरुले तोकिए बमोजिमको भूमिका निर्वाह गरे नगरेको, कसैको लापरवाही वा हेलचक्रयाइबाट शून्य पोलिथिन अभियानमा बाधा पुगेको भए सो को विवरण सहितको प्रतिवेदन वडागत अनुगमन समितिमा पेश गर्ने ।

(ङ) घरको भान्सा तथा बाथरुमबाट निस्कने फोहरपानी (Grey Water) व्यवस्थापनका लागि छुट्टै सक पीट (Soak Pit) निर्माण नगरी यस्तो फोहरपानी सार्वजनिक बाटो, कूलो, नाली वा ढलमा विसर्जन गर्नेलाई यस कार्यविधि बमोजिम दण्ड जरिवानाका लागि वडा कार्यालयमा लेखि पठाउने ।

(च) चर्पी/शौचालयको लागि सेफ्टी टंकीको व्यवस्था नगरी यहाँबाट निस्कने फोहर (Black Water) लाई पाइप/नाला मार्फत लुकि छिपी सार्वजनिक ढल/नालीमा मिसाउने घर/परिवारको यकिन पहिचान गरी यस कार्यविधि बमोजिम दण्ड जरिवानाका लागि वडा कार्यालयमा लेखि पठाउने ।

(छ) उपदफा (३) को खण्ड (ख) (ग) (घ) (ङ) र (च) बमोजिम परिचालित नहुने, अटेर गर्ने वा फोहरमैला व्यवस्थापन एवं शून्य पोलिथिन अभियानमा बाधा व्यवधान पुऱ्याउने वा सार्वजनिक सडक, कूलो, नाली ढलमा दुषित पानी (Grey Water) र चर्पीबाट बग्ने Black Water मिसाउने वा निस्काशन गर्नेलाई नगरपालिकाबाट उपलब्ध गराइने सेवा सुविधा रोक्का गर्नका लागि लेखि पठाउने ।

(ज) टोल विकास संस्थाबाट यस दफा बमोजिम कारवाहीको लागि लेखि आएमा नगरपालिका वा सम्बन्धित वडा कार्यालयले बुझ्नु

पर्ने केही भए तत्काल बुझी यो कार्यविधि बमोजिमको दण्ड, जरिवाना वा सेवा सुविधा रोक्का गर्नुपर्नेछ ।

२६. **टोल विकास संस्थालाई दण्ड जरिवानाको अख्तियारी दिन सकिने :**

(१) यस कार्यविधिको दफा १५ को उपदफा (थ) (ध) (न) र (प) को कसूरमा कार्यविधिको दफा १६ को उपदफा (११) र उपदफा (१२) बमोजिम दण्ड जरिवाना गर्ने गरी सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा टोल विकास संस्थालाई नगरपालिकाले अख्तियारी दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम अख्तियारी पाई तोकिएको कसूरमा टोल विकास संस्थाले दण्ड जरिवाना गरेकोमा यसरी असूल भएको जरिवाना स्थानीय संचित कोषमा आम्दानी बाँधी सो रकमको २५ प्रतिशत रकम सम्बन्धित सूचकलाई उपलब्ध गराइने छ भने बाँकी ७५ प्रतिशत रकम सम्बन्धित टोल विकास संस्थाको नाममा आम्दानी बाँधिनेछ ।

## परिच्छेद-१०
## विविध

२७. **पुरस्कार दिन सकिने** :

(१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिका वा सम्बन्धित वडाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने, बाधा व्यवधान गर्ने वा फोहरमैला संकलनका सामग्री तोडफोड गर्ने लगायतका कसुर गर्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिका वा सम्वन्धित वडाले यस्तो सूचनाको आधारमा गरिएको दण्ड जरिवानाको २५% सम्म नगद पुरस्कार र सम्मान समेत दिन सक्नेछ ।

२८. **स्थलगत निरीक्षण एवं प्रतिवेदन गर्ने :**

(१) नगरपालिकाले फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन वातावरण उप-शाखा प्रमुखले अनुसुची-१ बमोजिमको ढाँचामा प्रत्येक दिनमा भए गरेका फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रतिवेदनका आधारमा सफाई कर्मचारी नियमित भए/नभएको, आफ्नो जिम्मेवारी वमोजिमको कामकाज गरे/नगरेको र निजको हाजिर वा गयलको विवरण अद्यावधिक गर्न प्रमुख प्रशासकीय अधिकृतबाट प्रशासन शाखालाई निर्देशन गर्नुपर्नेछ ।

**२९. कर्तव्य र दायित्व** :

(१) यस कार्यविधिको पालना गर्नु/गराउनु प्रत्येक सरकारी कार्यालय, वडा कार्यालय, व्यापारिक प्रतिष्ठान, पसल, होटल, स्कूल, कलेज, टोल विकास संस्था, खानेपानी तथा सरसफाई संस्था, सामुदायिक वन लगायत सबै नगरबासीहरुको कर्तव्य हुनेछ । आफ्नो क्षेत्राधिकारभित्र नगरपालिकाले जनस्वास्थ्य र वातावरण संरक्षण गर्ने हेतुले यस कार्यविधिमा व्यवस्था भएका प्रावधानका अतिरिक्त अन्य थप व्यवस्था गर्न सक्नेछ तर उक्त प्रावधानहरु वातावरण संरक्षण ऐनले निर्दिष्ट गरेका प्रावधानहरुको प्रतिकूल हुनेछैनन् ।

(२) नगरपालिकास्तरीय तथा वडा स्तरीय अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**३०. आदेश जारी गर्न सक्ने :**

(१) फोहरमैला व्यवस्थापन, शून्य पोलिथिन तथा पूर्ण सरसफाइयुक्त नगरपालिका अभियान सञ्चालनको सन्दर्भमा नगरपालिकाले आवश्यकतानुसार आदेश, सूचना जारी गर्न सक्ने छ र यस्तो आदेश वा सूचना नगर राजपत्रमा प्रकाशित गरिने छ ।

(२) उपदफा (१) बमोजिमको आदेश वा सूचनाको पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य र दायित्व हुनेछ ।

**३१. खारेजी र बचाउ :**

(१) तिलोत्तमा नगरपालिकाको फोहरमैला व्यवस्थापन तथा प्लाष्टिक झोला, गिलास, प्लेट निषेध कार्यविधि-२०७५, खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि अनुसार हालसम्म भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

## अनुसुची १
## (कार्यविधिको दफा २८ को उपदफा (१) सँग सम्बन्धित)

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
तिलोत्तमा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, मणिग्राम, रुपन्देही ।

**विषयः नगरसफाईको दैनिक प्रतिवेदन ।**

उपर्युक्त सम्बन्धमा मिति .. . . . . . . . . . .. . मा नगर सफाई कार्यको कर्मचारीहरुको हाजिरी प्रतिवेदन विवरण निम्नानुसार प्रस्तुत गरेको व्यहोरा सादर अनुरोध गर्दछु ।

| सि. नं. | टोल | काम गर्ने स्वीपरको नाम | विहान ५:०० देखि ९:०० | | दिउँसो १ देखि ५ बजे सम्मको सफाई कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|
| | | | सम्मको सफाई कार्य | | तोकिएको स्थानमा ढलको अवस्था | | |
| | | | झाडु | | सन्तोषजनक | | आएको |
| | | | × | ✓ | × | ✓ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा गयल जना | | मरेको पशु | संख्या | गुनासो संक्षिप्त विवरण | प्राप्त भएका गुनासोहरु | |
| | जम्मा हाजिरी जना | | मरेको कुकुर | संख्या | | नाम | फोन नं. |
| | अन्य काममा लगाएको कर्मचारी संख्या विवरण | | | | | | |
| | कामको विवरण | कर्मचारी संख्या | कामको विवरण | कर्मचारी संख्या | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने                                                                  पेश गर्ने

आज्ञाले
(माधव प्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७६/१२/०४